कृषि विभाग

साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना

आयोजना व्यवस्थापन इकाई, नेपालगञ्ज

कृषि-व्यवसाय अनुदान सहयोगका लागि आवेदन आह्वान

प्रथम पटक प्रकाशित मिति : २०७५/०४/१५

साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना एशियाली विकास बैङ्कले नेपाल सरकारलाई उपलब्ध गराएको अनुदान सहयोगबाट सञ्चालनमा आएको आयोजना हो। आयोजनाले बजार संजाल विकासको माध्यमबाट साना तथा मझौला कृषकहरुलाई उच्च मूल्य कृषि वस्तु उत्पादनको लागि उत्पादन सामग्री (अनुदान वर्ग १) तथा फार्म विकास तथा पूर्वाधिका लागि सहयोग (अनुदान वर्ग २) र उत्पादन उपरान्तका मूल्य श्रृंखला पूर्वाधार निर्माण तथा मूल्य अभिवृद्धि क्रियाकलाप (अनुदान वर्ग ३) मा सहयोग पुऱ्याउने आएको छ।

यसका लागि आयोजनाले तल उल्लेखित उच्च मूल्य कृषि वस्तुको मूल्य श्रृंखलामा लगानी गर्ने उद्देश्यले **"कृषि व्यवसाय अनुदान निर्देशिका, वैशाख २०७२ (संसोधन २०७५)"** अनुसार **अनुदान वर्ग १ र २ का लागि सोझै उपआयोजना पूर्ण प्रस्तावना** साथ कृषि व्यवसाय अनुदान सहयोग आवेदन आह्वान गरेको छ। आवेदन तथा व्यावसायिक योजनाको ढाँचा, आवेदनसंग सलग्न हुनुपर्ने कागजात र आवेदन प्रक्रिया आयोजनाबाट प्रकाशित **"कृषि व्यवसाय अनुदान निर्देशिका, वैशाख २०७२ (संसोधन २०७५)" अनुसार हुनुपर्नेछ।**

(क) प्राथमिकीकरण गरिएका १० उच्च मूल्य कृषि वस्तु

मह, मसुरो, आलु, अदुवा, मसला बाली। बेसार, प्याज, लसुन, खोर्सानी र धनिया मात्र), तरकारी, बीउ, औषधीजन्य जडीबुटी, च्याउ र फलफूलहरु (अनुदान वर्ग २ कालागि भेवा र केरा - तराई र सुन्तलाजात - पहाड)।

(ख) प्राथमिकिरण गरिएका क्रियाकलापहरु

- उत्पादन तथा उत्पादकत्व वृद्धि, उत्पादनको गुणस्तर सुधार, फार्म स्तरमा उत्पादन पश्चातका क्रियाकलापमा सुधार, फार्म पूर्वाधार विकास तथा नविनतम तथा उन्नत प्रविधि विस्तार, वेमौसमी उत्पादन प्रवर्द्धन, नर्सरी स्थापना तथा विरुवा उत्पादन
- बीउ उत्पादन
- कृषि उत्पादनको यान्त्रिकीकरण
- उत्पादन तथा फार्म पूर्वाधार विकास
- उत्पादन स्थलमा छोटो अवधिका लागि कृषि उपज भण्डारण हुने गरी २०० मे.ट. सम्मका सानो क्षमताका चिस्यान गृह तथा फार्म स्तरका साना स्टोरेजहरु

(ग) आवेदकहरुको लागि थप जानकारी :

- आवेदन फारम र प्रस्तावना फारम आयोजना व्यवस्थापन इकाई, नेपालगञ्ज वा आयोजनाको वेवसाइट www.rismfp.gov.np बाट प्राप्त गर्न सकिने छ। आयोजनाले उपलब्ध गराएको हाँचा/फारम अनुरुपको आवेदन पेश भएको हुनु पर्नेछ।
- आवेदन दिदा आयोजना निर्देशक, साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना, आयोजना व्यवस्थापन इकाई, नेपालगञ्जको नाममा सम्बोधन गरेको हुनु पर्नेछ।
- आवेदन आयोजनाले प्राथमिकिकरण गरेका माथि उल्लेखित उच्च मूल्य कृषि वस्तुहरुको मूल्य श्रृंखलासंग सम्बन्धित हुनु पर्नेछ।
- कृषि व्यवसाय अनुदान सहयोगकालागि आवेदन दिदा प्रस्तावित व्यवसायको सम्बन्धित जिल्लाको उद्योग वाणिज्य संघको रोहवरमा भएको आपूर्ती सम्झौता सक्कल गरेको हुनु पर्नेछ।
- कृषि उत्पादनलाई सहजै बजार पुराउन सक्ने गरी, सडक सुनिश्चित भएका स्थानमा रहेका प्रस्तावनालाई प्राथमिकता दिइने छ।
- आयोजनाको लगानी अनुदानमा संचालित उप आयोजनाको प्रकृतीसंग मिलदोजुल्दा हुनेगरी सोही जिल्लाका लागि व्यवसायीक अवधारणा पेश गरेमा बजार प्रतिस्पर्धालाई मूल्याकनको मुख्य आधार मानिने छ।
- अनुदान वर्ग १ का लागि विपन्न तथा पिछडिएका वर्गहरु महिला, दलित, जनजाती, मुक्त कमैया/हलिया, महिला श्रमशक्ती भएको परिवार, मधेशी, मुस्लिम तथा भूमिहीन परिवारको प्रतिनिधित्व गर्ने कृषक समुहलाई उच्च प्राथमिकता दिइने छ।
- अनुदान वर्ग २ अन्तर्गत विपन्न तथा पिछडिएका वर्गहरु रहेको कृषक समूह, कृषि सहकारी तथा बहुउद्देश्यीय कृषि सहकारी संस्थाहरु र निजी कृषि उद्योग र फर्महरुका हकमा नविनतम र प्रदर्शनयोग्य फार्म विकास गर्ने खालका अवधारणालाई उच्च प्राथमिकता दिइने छ।
- आयोजना र अन्य तबरले स्थापना भएका मूल्य अभिवृद्धिका पूर्वाधारहरु र कृषि वस्तु प्रसोधनका व्यवसायहरुका लागि कच्चा पदार्थ आपूर्तिको सम्झौता भएका प्रस्तावलाई प्राथमिकता दिइने छ।
- स्थानीय तहले पकेट क्षेत्र तोकेको भएमा उक्त पकेट अनुसारका व्यवसायलाई प्राथमिकता दिइने छ।
- आयोजनाबाट यस अघि अनुदान लिइसकेका अनुदानग्राहीलाई पुनः अनुदान प्रदान गरिने छैन।
- प्रस्तावित व्यवसाय योजना २०७६ सालको वैशाख महिना सम्ममा सम्पन्न भै सक्ने प्रकृतिको हुनु पर्नेछ।
- यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ३० दिन भित्र आयोजना व्यवस्थापन इकाई, नेपालगञ्ज वा सम्बन्धित प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत आयोजना जिल्ला स्तरमा रहने कृषि ज्ञान केन्द्र र जिल्ला उद्योग वाणिज्य संघमा कार्यालय समय भित्र आवेदन बुझाई सक्नु पर्नेछ। आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्ने गएमा विदा पछि कार्यालय खुलेको दिनमा कार्यालय समय भित्र बुझाई सक्नु पर्नेछ।
- पूर्ण प्रस्ताव दर्ता भए पश्चात यथाशिघ्र मूल्याङ्कन प्रक्रिया सुरु हुनेछ।
- आवेदन स्वीकृत/अस्वीकृतको जानकारी आयोजना व्यवस्थापन इकाईको सूचना पाटीमा टाँस गरिनेछ। साथै सोको सूचना आयोजनाको वेवसाइटबाट समेत प्राप्त गर्न सकिनेछ।
- आवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार आयोजनामा सुरक्षित रहनेछ।
- अन्य थप जानकारी आवश्यक भएमा आयोजना व्यवस्थापन इकाई, नेपालगञ्ज (फोन नं. ०८१-५२८३०६) मा सम्पर्क राख्न सकिनेछ।

आयोजना निर्देशक